आ.व. ०७९।०८०

वैठक - नगर कार्यपालिका बैठक

अध्यक्षता - नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

बैठक नं १३।०७९।०८०

मिति २०८०।३।७ गते

स्थान - ता.न.पा. सभाहल

समय - दिनको १:०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारका निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिका सिजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा. ११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा. २ | सदस्य |
| | श्री बाबुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा. ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा. ६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा. ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा. ८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा. ९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा. १० | सदस्य |
| | श्री मेजर सिंह कैसी | वडा अध्यक्ष | ता.न.पा. १२ | सदस्य |
| | श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा. १३ | सदस्य |
| | श्री शोभाखर भट्टराई | वडा अध्यक्ष | ता.न.पा. १४ | सदस्य |
| | श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| | श्री मन्जु वि.क. | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| | श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| | श्री पूजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |

| | | | |
|---|---|---|---|
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय धले | कार्यपालिका सदस्य | ता.न.पा. ८ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री जीवन ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का. | सचिव |
| श्री सुनिता श्रेष्ठ | का.वा. वडा अध्यक्ष | ता.न.पा. २ | |
| श्री चेत बहादुर थापा | का.वा. वडा अध्यक्ष | ता.न.पा. १२ | |

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
तानसेन नगरपालिका
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. १**

तानसेन नगरपालिकाको आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम र बजेट माथि छलफल गरियो । उक्त नीति तथा कार्यक्रम र बजेटलाई १३ औ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तानसेन नगरपालिकाको आ.व २०८०।०८१ लागि प्रस्तावित कर तथा राजश्वको दररेट सहितको आर्थिक विधेयक, २०८० माथि छलफल गरियो । उक्त विधेयकलाई १३ औ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तानसेन नगरपालिकाको आ.व २०८०।०८१ को लागि संचित कोषबाट रकम विनियोजन तथा खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक, २०८० माथि छलफल गरियो । उक्त विधेयकलाई १३ औ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

तानसेन नगरपालिका विधायन समितिमा छलफल र निर्णय भई आएका निम्नानुसारका विधेयकहरु १३ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

(क) तानसेन नगरपालिकाको फोहरमैला व्यवस्थापन सम्बन्धी विधेयक, २०८०

(ख) तानसेन नगरपालिकाको साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्था गर्ने सम्बन्धी विधेयक, २०८०

**निर्णय नं. ५**

तानसेन नगरपालिकाको च.नं.२६५३, मिति २०८०।१।२८ को पत्रबाट कार्यपालिकाको निर्णय सहित विधान संसोधन गर्नुपर्ने ३ महले लिखित सुझाव उपलब्ध गराइ विधान संसोधन गरी पेश गर्न तानसेन खानेपानी उपभोक्ता समितिलाई अनुरोध गरेकोमा उपभोक्ता समितिले सो अनुरोधलाई वेवास्ता गरेको तथा विधान संसोधनको कुनै पनि काम नगरी निर्वाचनको प्रक्रिया थालनी गरेकोले अप्रमाणीत विधानबाट निर्वाचन गर्न नमिल्ने र त्यसलाई वैधानिक मान्यता समेत दिन नसकिने हुँदा हाल अगाडी बढाइएको निर्वाचनका सम्पूर्ण क्रियाकलापहरु स्थगित गरी विधान प्रमाणीकरण गरे पश्चात मात्र निर्वाचनको प्रक्रिया अगाडि बढाउन तानसेन खानेपानी उपभोक्ता समितिलाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**

विश्व वैंकको सहयोगमा निर्माण हुने डुम्रेखोला-सुनडाडा-तेल्घा- गुफाचौर- गाउनडाडा- सल्लाघारी-होलाङ्दी-सडकको बाटोको क्षेत्राधिकार (ROW) १५ मिटर कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तानसेन नगरपालिका वडा नं. २ असनटोल मुख्य सडक देखि कोष तथा लेखा नियन्त्रकको कार्यालय जाने गल्ली बिस्तारका लागि ता.न.पा.कन्टिन्जेन्शी शिर्षकबाट रकम रु.२०००००।- (अक्षेरुपी दुईलाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तानसेन नगरपालिका वडा नं. ९, दमकडामा अवस्थित श्री दमकडा माध्यमिक विद्यालय हाल नमूना र आवासीय विद्यालयको रुपमा संचालन भई आवश्यक पूर्वाधार विकास भइरहेको छ । विद्यालयको थप भौतिक पूर्वाधार र सुविधा बिस्तार गरी आवासीय विद्यालयको रुपमा संचालन गर्न नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

कौशल ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

**निर्णय नं. ९**

तानसेन नगरपालिका वडा नं. १४ मा पर्ने कालीगण्डकी नदिको विभिन्न घाट तथा बगरहरुबाट बिना ईजाजत संकलन गरी अर्गली क्षेत्रमा घाटगद्दी गरी राखिएका नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा र मिस्कट) नगरपालिकाबाट जफत गरी प्राविधिक प्रतिवेदन अनुसारको परिमाण बमोजिम प्रचलित कानूनको दररेटमा एकमुष्ठ राजश्व अशुल उपर गरी नगरपालिकाले प्रमाणित गरिदिएको बिलबाट बिक्री वितरणको लागि स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

तानसेन नगरपालिका वडा नं. १४ मा अवस्थित रुरु क्षेत्र रिडीमा माघेसक्रान्तीको अवसरमा ठुलो मेला लाग्ने र सो मेलाको आफ्नै धार्मिक तथा ऐतिहासिक महत्त्व रहेकोले मेला व्यवस्थापन समितिबाट आर्थिक सहयोगको लागि अनुरोध गरेकाले ता.न.पा.को नगर नगर प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत कला संस्कृति तथा सम्पदा संरक्षण शिर्षकबाट उक्त मेला व्यवस्थापनका लागि रु .२(दुई) लाख उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११**

तानसेन नगरपालिका वडा नं. ४ स्थित सडक क्षेत्रको टहरा तथा संरचना हटाउने कार्य सम्पन्न भएकोमा उक्त सडक क्षेत्र वरपर रहेका विद्युत पोल तथा तारहरु हटाउनका लागि नेपाल विद्युत प्राधिकरण पाल्पा वितरण केन्द्रलाई अनुरोध गरिएकोमा उक्त विद्युत पोल तथा तारहरु हटाउनका लागि रु. १,५०,०००। बराबरको लगत ईष्टमेट पेश हुन आएकोले सो क्षेत्रको थप सुधार हुने देखिदा उक्त कार्य सम्पन्न गर्नका लागि तानसेन नगरपालिकाको नगर प्रवर्द्धनात्मक कार्यक्रमको पर्यटन प्रवर्द्धन कार्यक्रम शिर्षक बाट ल.ई. बमोजिमको रकम रु. १,५०,०००। नेपाल विद्युत प्राधिकरण पाल्पा वितरण केन्द्रको खातामा निकाशा दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

तानसेन नगरपालिका वडा नं. ६ स्थित लहरेपिपल प्राङ्गणमा निर्माण भएको सामुदायिक स्वास्थ्य केन्द्रको भवन निर्माण पश्चात भुक्तानी दिनुपर्ने रकम मध्ये न.पाको तर्फबाट भुक्तानी दिनुपर्ने अंशको रकममा रु. ७ (सात)लाख बराबर नपुग हुन गएकोले उक्त रकम ता.न.पाको मर्मत सम्भार कोष शिर्षकबाट विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

तानसेन नगरपालिकाको १३ औं नगरसभामा बिहान, साँझ र रातीसम्म थप समय खटिने नगर प्रमुखले तोकेको कर्मचारीहरुलाई अतिरिक्त सुविधा दिनका लागि नगर प्रमुखलाई अख्तियारी दिने निर्णय गरियो ।

कौशल ज्ञवाली

नगर प्रमुख